त्रिभुवन विश्वविद्यालय
Tribhuvan University
इन्जिनियरिङ अध्ययन संस्थान
Institute of Engineering
डीनको कार्यालय
OFFICE OF THE DEAN

GPO box- 1915, Pulchowk, Lalitpur
Tel: 977-5-521531, Fax: 977-5-525830
dean@ioe.edu.np, www.ioe.edu.np
गोश्वारा पो.ब. नं- १९१५, पुल्चोक, ललितपुर
फोन- ५५२१५३१, फ्याक्स- ५५२५८३०

## स्नातकोत्तर (M.Sc.) तहमा भर्ना सम्बन्धी विस्तृत सूचना

इन्जिनियरिङ्ग अध्ययन संस्थान, प्रवेश परीक्षा बोर्डद्वारा शैक्षिक वर्ष २०८२/०८३ का लागि स्नातकोत्तर (M.Sc.) तहमा भर्नाका लागि २०८२ फागुन महिनामा लिइएको प्रवेश परीक्षामा उत्तीर्ण भएका परीक्षार्थीहरू मध्ये इ.अ.सं. का क्याम्पसहरू **पुल्चोक क्याम्पस, पश्चिमाञ्चल क्याम्पस, थापाथली क्याम्पस र पूर्वाञ्चल क्याम्पस** मा भर्ना हुन चाहने आवेदकहरूको लागि निम्न अनुसारको भर्ना कार्यक्रम प्रकाशन गरिएको छ ।

### १. भर्ना प्रक्रिया

- आवेदकले आफूले अध्ययन गर्न चाहेको क्याम्पस र सो क्याम्पस अन्तर्गतका शैक्षिक कार्यक्रमहरू (Programs) को प्राथमिकता (Priority) क्रम आधिकारिक केन्द्रीय पोर्टल (admission.ioe.edu.np) मार्फत आवेदन दिनुपर्नेछ।
- भर्ना सूची प्रवेश परीक्षाको योग्यताक्रम (Entrance Rank) र विद्यार्थीले छनोट गरेको प्राथमिकता (Priority) का आधारमा तयार गरिनेछ।
- प्राथमिकताक्रम र अंकका आधारमा आवेदकको नाम कुनै एक क्याम्पसको एक कार्यक्रममा मात्र निस्कनेछ। तर, अंकले भ्याएको खण्डमा पछिल्ला सूचीहरूमा माथिल्लो प्राथमिकता (Upper Priority) मा नाम सर्दै जानेछ।
- नाम निस्किएपछि तोकिएको समयभित्र बैंकमा रकम जम्मा गरी भौचर सहित पोर्टलमा अनलाइन भर्ना भइसक्नुपर्ने छ। यदि कुनै कार्यक्रममा नाम निस्किएर पनि विद्यार्थीले तोकिएको समयमा भर्ना प्रक्रिया पूरा नगरेमा, उसले सो चरणको कुनै पनि सूची (Subsequent Lists) मा दाबी गर्न पाउने छैन।
- कुनै पनि कार्यक्रममा भर्ना भइसकेपछि पोर्टलबाट Confirmation Page अनिवार्य रूपमा प्राप्त गरी सुरक्षित राख्नुपर्नेछ, अन्यथा भर्ना प्रकृया पुरा भएको मानिने छैन ।
- भर्ना हुँदा तोकिए अनुसारको सक्कल प्रमाणपत्रहरूको Scanned Copy अपलोड गर्नु पर्नेछ ।

**स्नातकोत्तर (M.Sc.) तहको भर्ना कार्यक्रम**

| कार्यक्रम | मिति र समय |
|---|---|
| Online Application Form भर्ने | २०८२/१२/०१ गते बिहान १०:०० बजे देखि<br>२०८२/१२/०५ गते अपरान्ह ३:०० बजेसम्म |
| उपलब्ध कोटाका लागि निवेदन दिनुपर्ने | २०८२/१२/०१, ०२, ०३ र ०५ गते प्रत्येक दिन बिहान १०:०० बजे देखि अपरान्ह ३:०० बजे भित्र सूचना तथा सञ्चार प्रविधि केन्द्र (ICTC), पुल्चोकमा बुझाउनु पर्नेछ । |
| आवेदकहरूको नामावली प्रकाशन | २०८२/१२/०८ गते बिहान १०:०० बजे |
| प्राथमिकतामा थपघट/संशोधन | २०८२/१२/०८ गते बिहान ११:०० बजे देखि अपरान्ह ३:०० बजेसम्म |
| आवेदकहरूको अन्तिम सूची प्रकाशन | २०८२/१२/०९ गते बेलुका ५:०० बजे |
| प्रथम भर्ना सूची (First List) प्रकाशन | २०८२/१२/११ गते बिहान १०:०० बजे |

GPO box- 1915, Pulchowk, Lalitpur
Tel: 977-5-521531, Fax: 977-5-525830
dean@ioe.edu.np, www.ioe.edu.np
गोश्वारा पो.ब. नं- १९१५, पुल्चोक, ललितपुर
फोन- ५५२१५३१, फ्याक्स- ५५२५८३०

| | |
|---|---|
| प्रथम सूची उपर दाबी विरोध | २०८२/१२/११ गते बिहान ११:०० बजे देखि अपरान्ह ३:०० बजेसम्म |
| संशोधित प्रथम सूची प्रकाशन | २०८२/१२/१२ गते साँझ ५:०० बजे |
| प्रथम सूचीको विद्यार्थी भर्ना | २०८२/१२/१५ गते बिहान ११:०० बजे देखि १८ गते अपरान्ह ३:०० बजे सम्म |
| दोस्रो भर्ना सूची (Second List) प्रकाशन | २०८२/१२/२० गते बिहान १०:०० बजे |
| दोस्रो सूची उपर दाबी विरोध | २०८२/१२/२० गते बिहान ११:०० बजे देखि अपरान्ह ३:०० बजेसम्म |
| संशोधित दोस्रो सूची प्रकाशन | २०८२/१२/२० गते साँझ ५:०० बजे |
| दोस्रो सूचीको विद्यार्थी भर्ना | २०८२/१२/२२ गते बिहान ११:०० बजे देखि २३ गते अपरान्ह ३:०० बजे सम्म |
| तेस्रो भर्ना सूची (Third List) प्रकाशन | २०८२/१२/२५ गते बिहान १०:०० बजे |
| तेस्रो सूची उपर दाबी विरोध | २०८२/१२/२५ गते बिहान ११:०० बजे देखि अपरान्ह ३:०० बजेसम्म |
| संशोधित तेस्रो सूची प्रकाशन | २०८२/१२/२५ गते साँझ ५:०० बजे |
| तेस्रो सूचीको विद्यार्थी भर्ना | २०८२/१२/२६ गते बिहान ११:०० बजे देखि २७ गते अपरान्ह ३:०० बजे सम्म |
| पछिल्ला भर्ना कार्यक्रमको सूचना प्रकाशन | २०८२/१२/२९ गते |

***द्रष्टव्य:*** उपर्युक्त कार्यक्रमहरूको दिन सार्वजनिक बिदा वा आकस्मिक बिदा परेमा समेत भर्ना समितिको कार्यालय खुल्ला रहने तथा सम्पूर्ण भर्ना कार्यक्रमहरू यथावत सञ्चालन रहने व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराइन्छ । आङ्गिक क्याम्पसहरूमा M.Sc. तहमा भर्ना हुन चाहने आवेदकहरूको लागि भर्ना सम्बन्धी विस्तृत सूचना निम्नानुसार दिइएको छ ।

Online Application Form भर्दा इ. अ. सं., प्रवेश परीक्षा बोर्डद्वारा जारी गरिएको Information Brochure, Entrance Examination and Admission Procedure for M.Sc. Programs, 2082 र यस भर्ना सम्बन्धी विस्तृत सूचना ध्यान दिएर पढ्न र सोहि अनुसार तोकिएको मिति र समयभित्र आवश्यक प्रक्रिया पुरा गर्न सूचित गरिन्छ । कुनै थप जानकारीका लागि वा कुनै द्विविधा भएमा सूचना तथा सञ्चार प्रविधि केन्द्र (ICTC), पुल्चोकमा सम्पर्क राख्न सकिने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

**२. अनलाइन फाराम भर्ने व्यवस्था:**

क्याम्पसहरूमा स्नातकोत्तर तहका विभिन्न कार्यक्रमहरूमा भर्ना हुनको लागि निम्नानुसारको मिति र समयभित्र Online Application Form भर्नुपर्नेछ । Online Application Form भर्नु भन्दा पहिले नै आवश्यक रकम तल उल्लेखित विधि अनुसार जम्मा गरेर मात्र Online आवेदन गर्न सकिनेछ । बैंक भौचरमा आवेदकको नाम तथा प्रवेश परीक्षाको रोल नं. अनिवार्य रूपमा उल्लेख गर्नुपर्नेछ । Online Form भरिसकेपछि प्रमाण स्वरूप प्राप्त Confirmation Page प्रिन्ट गरि राख्नुपर्नेछ ।

- Online application form उपलब्ध हुने Website: **admission.ioe.edu.np**
- Online Application Form उपलब्ध हुने समय: २०८२/१२/०१ गते बिहान १०:०० बजे देखि २०८२/१२/०५ गते अपरान्ह ३:०० बजे सम्म ।

**२.१** Online Application Form भर्दा प्रति विषय **रु. ५०० /-** का दरले शुल्क लाग्नेछ । कुनैपनि कार्यक्रमको नियमित (Regular) र पूर्णशुल्कीय (Full Fee) लाई छुट्टा-छुट्टै विषयको रूपमा गणना गरिनेछ । त्यसैले नियमित (Regular) र

GPO box- 1915, Pulchowk, Lalitpur
Tel: 977-5-521531, Fax: 977-5-525830
dean@ioe.edu.np, www.ioe.edu.np
गोश्वारा पो.ब. नं- १९१५, पुल्चोक, ललितपुर
फोन- ५५२१५३१, फ्याक्स- ५५२५८३०

पूर्णशुल्कीय (Full Fee) दुवैमा प्राथमिकता क्रम राखि आवेदन दिएको खण्डमा यसलाई दुई विषय मानिनेछ । कोटाका आवेदकहरूले खुल्ला तर्फ आवेदन दिन चाहेमा छुट्टै Online Application Form भर्नुपर्नेछ ।

**२.२** आवेदन शुल्क भुक्तानी गर्दा निम्न विधि अनुसार गर्न सकिनेछ ।

- उल्लेखित शुल्क सिद्धार्थ बैंक लिमिटेड, पाटन ढोका शाखामा रहेको इ.अ.सं. को खातामा जम्मा गरी प्राप्त भएको भौचर लिनु पर्नेछ । बैंक भौचर भर्दा Deposited by मा आवेदकको पुरा नाम र साल बाहेकको IOE Entrance Exam को Roll No. प्रष्ट सँग लेख्नु पर्नेछ । जस्तै: कुनै आवेदकको IOE Entrance Exam को Roll No. 2082-5026 भएमा Roll No. लेख्दा 5026 मात्र लेख्नु पर्नेछ ।
- उल्लेखित शुल्क विभिन्न e-Wallet सेवा प्रदायक (जस्तै: eSewa, Khalti, IME Pay), ConnectIPS, सिद्धार्थ बैंक लिमिटेडको Bank Smart मार्फत पनि गर्न सकिनेछ । यस विधिबाट भुक्तानी गर्दा आवेदकको पुरा नाम, साल बाहेकको IOE Entrance Exam को Roll No. (जस्तै: कुनै आवेदकको IOE Entrance Exam को Roll No. 2082-5026 भएमा Roll No. लेख्दा 5026 मात्र लेख्नु पर्नेछ) र आवश्यक रकम राखि भुक्तानी गर्नुपर्ने छ ।

**३. कार्यक्रम अनुसार भर्ना सिट संख्या:**

क्याम्पसहरूमा स्नातकोत्तर तहका विभिन्न कार्यक्रमहरूमा भर्ना क्षमता प्रवेश परीक्षा बोर्डद्वारा जारी गरिएको Information Brochure, Entrance Examination and Admission Procedure for M.Sc. Programs, 2082 को बुँदा नं. १.५ (1.5) अनुसार हुनेछ ।

**४. कार्यक्रम अनुसार भर्नाका लागि आवश्यक न्यूनतम योग्यता:**

स्नातकोत्तर तहका विभिन्न कार्यक्रममा भर्ना हुनका लागि Prerequisite Degree र Entrance Stream प्रवेश परीक्षा बोर्डद्वारा जारी गरिएको Information Brochure, Entrance Examination and Admission Procedure for M.Sc. Programs, 2082 को बुँदा नं. २.१ (2.1) अनुसार हुनेछ ।

**५. कार्यक्रम स्थगन हुन सक्ने:**

- कुनै पनि कार्यक्रममा प्रथम भर्ना सूची प्रकाशन हुने समयसम्म पूर्णशुल्कीय र प्रायोजित कोटाको ६० प्रतिशत सिट पुरा हुने नदेखिएमा क्याम्पसहरूले सो कार्यक्रमलाई त्यस वर्षको निम्ति स्थगन गर्ने भएकोले यस्तो अवस्थामा स्थगित भएको कार्यक्रमलाई गणना नगरी भर्ना सूची प्रकाशित गरिनेछ ।
- तेस्रो भर्ना सूची पश्चात पनि पूर्णशुल्कीय र प्रायोजित कोटाको ६० प्रतिशत सिटमा भर्ना नभएको खण्डमा समेत उक्त कार्यक्रम यस शैक्षिक वर्षको लागि स्थगित हुनेछ र आवेदकको भर्ना शुल्क पुरै फिर्ता गरिनेछ ।

**६. प्राथमिकता क्रममा थपघट वा संशोधन:**

Online Application Form भर्दा तोकिएको प्राथमिकता क्रममा थपघट वा संशोधन गर्नुपरेमा २०८२/१२/०८ गते बिहान ११:०० बजेदेखि अपरान्ह ३:०० बजेभित्रमा निम्नानुसारको थप शुल्क जम्मा गरी Online बाट नै गर्न सकिने छ ।

- प्राथमिकता संशोधन शुल्क रु. ५००/-
- विषय थप गर्नु परेमा प्रति विषय रु. ५००/-
- प्राथमिकता घटाएमा बुझाइसकेको शुल्क फिर्ता हुनेछैन ।

GPO box- 1915, Pulchowk, Lalitpur
Tel: 977-5-521531, Fax: 977-5-525830
dean@ioe.edu.np, www.ioe.edu.np
गोश्वारा पो.ब. नं- १९१५, पुल्चोक, ललितपुर
फोन- ५५२१५३१, फ्याक्स- ५५२५८३०

Institute of Engineering Office of the Dean, Pulchowk

**७. Quota अन्तर्गत आवेदन सम्बन्धमा:**

कुनै पनि Quota (IoE Reserved/Sponsored/TU/TU-IoE) मा आवेदन दिने आवेदकहरूले रु. ५००/- सिद्धार्थ बैंकमा बुझाई कोटाका लागि छुट्टै Online Application Form भर्नुपर्ने छ । Quota को लागि कुनै एउटा कार्यक्रममा मात्र आवेदन दिन पाइनेछ । कुनै पनि Quota मा नाम प्रकाशित भएमा उक्त आवेदकको नाम अन्य प्राथमिकता क्रमबाट स्वतः हट्नेछ । कोटा अनुसार तपसिल बमोजिमका कागजातहरू मिति २०८२/१२/०१, ०२, ०३ र २०८२/१२/०५ गते बिहान १०:०० बजेदेखि अपरान्ह ३:०० बजेसम्म सूचना तथा सञ्चार प्रविधि केन्द्र (ICTC), पुल्चोकमा बुझाउनु पर्नेछ ।

**७.१ IoE Reserved Quota अन्तर्गत आवेदन सम्बन्धमा:**

IoE Quota मा आवेदन दिने आवेदकहरूले निम्नानुसारका कागजातहरू तोकिएको मिति र समय भित्र बुझाउनु पर्नेछ ।

- आफू कुन क्याम्पसको शिक्षक/कर्मचारी हो र कुन विषय पढ्न चाहेको हो सो खुलाएर भर्ना समितिलाई सम्बोधन गरेको निवेदन ।
- IoE Reserved Quota का लागि Online Application Form भरिसकेपछि प्रमाण स्वरूप प्राप्त Confirmation Page ।
- नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि ।
- सम्बन्धित क्याम्पसमा हालसम्म कार्यरत रहेको प्रमाणित पत्र ।
- IoE Reserved Quota मा भर्नाको लागि इ.अ.सं. डीनको कार्यालयको पूर्व स्वीकृति/सिफारिश पत्र ।

यस कोटामा इ.अ.संस्थानमा कार्यरत स्थायी शिक्षक/कर्मचारीहरूलाई प्राथमिकता दिइनेछ । स्थायी शिक्षक/कर्मचारी नभएको खण्डमा कम्तीमा तीन वर्ष सेवा गरिसकेका अस्थायी/करार शिक्षक/कर्मचारी लाई भर्ना गर्न सकिनेछ । तर IoE Reserved Quota मा छनोट भएका शिक्षक/कर्मचारीको हकमा सम्बन्धित कार्यक्रममा अध्ययनका लागि लाग्ने सम्पूर्ण शुल्क आवेदक स्वयम्ले व्यहोर्नु पर्नेछ ।

**७.२ TU/TU-IoE Quota अन्तर्गत आवेदन सम्बन्धमा:**

TU/TU-IoE Quota अन्तर्गत आवेदन दिने आवेदकहरूले निम्नानुसारका कागजातहरू तोकिएको मिति र समय भित्र बुझाउनु पर्नेछ ।

- आफू कुन क्याम्पसको शिक्षक/कर्मचारी हो र कुन विषय पढ्न खोजेको हो, सो खुलाएर भर्ना समितिलाई सम्बोधन गरेको निवेदन ।
- शिक्षक कर्मचारीका छोराछोरीका लागि आवेदन दिने भएमा आफू कुन क्याम्पसको शिक्षक/कर्मचारी को छोराछोरी हो र कुन विषय पढ्न खोजेको हो, सो खुलाएको निवेदन ।
- TU/TU-IoE Reserved Quota का लागि Online Application Form भरिसकेपछि प्रमाण स्वरूप प्राप्त Confirmation Page ।
- नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि ।
- शिक्षक/कर्मचारीको हकमा सम्बन्धित डीनको कार्यालयबाट वा रजिस्ट्रारको कार्यालयबाट पूर्व स्वीकृत पत्र ।
- शिक्षक कर्मचारीका छोराछोरीको हकमा शिक्षक/कर्मचारी कार्यरत क्याम्पस कार्यालयबाट सिफारिश पत्र ।

त्रिभुवन विश्वविद्यालय
Tribhuvan University
इन्जिनियरिङ अध्ययन संस्थान
Institute of Engineering
डीनको कार्यालय
OFFICE OF THE DEAN

GPO box- 1915, Pulchowk, Lalitpur
Tel: 977-5-521531, Fax: 977-5-525830
dean@ioe.edu.np, www.ioe.edu.np
गोश्वारा पो.ब. नं- १९१५, पुल्चोक, ललितपुर
फोन- ५५२१५३१, फ्याक्स- ५५२५८३०

**७.३ Sponsored Quota अन्तर्गत आवेदन सम्बन्धमा:**

Sponsored Quota अन्तर्गत आवेदन दिने आवेदकहरूले निम्नानुसारका कागजातहरू तोकिएको मिति र समय भित्र बुझाउनु पर्नेछ ।

- आफूलाई कुन संस्थाले प्रायोजन गर्न लागेको हो, कुन विषय पढ्न चाहेको हो, सो खुलाएर भर्ना समितिलाई सम्बोधन गरेको निवेदन ।
- Sponsored Quota का लागि Online Application Form भरिसकेपछि प्रमाण स्वरूप प्राप्त Confirmation Page I
- नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि ।
- प्रायोजन गर्ने संस्थाले कुन विषयमा पढ्नका लागि प्रायोजन गर्न लागेको हो सो खुल्ने गरि प्रायोजन गर्ने प्रतिबद्धता सहितको पत्रको सक्कल प्रति ।
- सरकारी कार्यालय र सरकारको स्वामित्व भएका संस्थाहरूले प्रायोजन गर्न चाहेमा प्रायोजन गर्न गरेको निर्णयको प्रतिलिपि ।
- सरकारी कार्यालय बाहेकका प्रायोजन गर्ने संस्थाको लागि दर्ता प्रमाणपत्र, संस्थाको नवीकरण (आवश्यकता अनुसार), कर दर्ता र गत आ.व. को कर चुक्ता प्रमाणपत्र ।

Sponsored Quota मा भर्ना हुनका लागि तोकिएको शुल्क एकमुष्ट चेकबाट भुक्तानी गर्नुपर्नेछ । यसरी भुक्तानी गर्दा प्रायोजक संस्थाको खाताबाट भुक्तानी हुनेगरी I.O.E. को नाममा खिचिएको एकाउन्टपेयी चेकबाट हुनुपर्नेछ । Sponsored Quota मा भर्ना हुन आवेदन दिने आवेदकहरूको भर्नाको लागि नाम प्रकाशन गर्दा निम्न बमोजिम प्राथमिकता दिइनेछ ।

- पहिलो प्राथमिकता: सरकारी कार्यालयहरू र सरकारको स्वामित्व भएका संस्थाहरू ।
- दोस्रो प्राथमिकता: अन्य सबै संस्थाहरू ।

कुनै आवेदकले Sponsored तथा Regular वा/र Full Fee दुवैतर्फ आवेदन दिएको खण्डमा Sponsored सिटमा प्राथमिकता दिइनेछ ।

**७.४ Foreign Quota अन्तर्गत आवेदन सम्बन्धमा:**

विदेशी आवेदकहरूको हकमा प्रवेश परीक्षा बोर्डद्वारा जारी गरिएको Information Brochure, Entrance Examination and Admission Procedure for M.Sc. Programs, 2082 को बुँदा नं. १.६ बमोजिम भर्ना गरिनेछ । Foreign Quota अन्तर्गत आवेदन दिने आवेदकहरूले निम्नानुसारका कागजातहरू तोकिएको मिति र समय भित्र बुझाउनु पर्नेछ ।

- Foreign Quota का लागि Online Application भरिसकेपछि प्रमाण स्वरूप प्राप्त Confirmation Page I
- पासपोर्ट वा दूतावासले उपलब्ध गराएको फोटो सहितको परिचयपत्र को प्रमाणित प्रतिलिपि ।

**८. TA/RA अन्तर्गतको निवेदन सम्बन्धमा:**

- TA/RA मा निवेदन दिन इच्छुक आवेदकहरूले भर्ना भइसकेपछि आफ्नो लगइन बाट भर्ना सूची अनुसार भर्ना हुने समयमा आवेदन दिनुपर्नेछ ।

GPO box- 1915, Pulchowk, Lalitpur
Tel: 977-5-521531, Fax: 977-5-525830
dean@ioe.edu.np, www.ioe.edu.np
गोश्वारा पो.ब. नं- १९१५, पुल्चोक, ललितपुर
फोन- ५५२१५३१, फ्याक्स- ५५२५८३०

- TA/RA को लागि Information Brochure, Entrance Examination and Admission Procedure for M.Sc. Programs, 2082 बुँदा नं. १.५ को Table III मा उल्लेख गरेको मध्ये कुनै एउटा मात्रै कार्यक्रममा निवेदन दिन पाइनेछ ।
- TA/RA मा निवेदन दिएका आवेदकहरूको नामावली प्रकाशन गर्दा प्रवेश परीक्षाको योग्यताक्रम अनुसार गरिनेछ ।
- TA/RA प्रोग्राम अन्तर्गत निवेदन दिइसकेपछि माथिल्लो प्राथमिकताको कार्यक्रममा सिफ्ट हुन पाइने छैन ।
- TA/RA को निवेदन प्रथम चरणको भर्ना प्रक्रियामा मात्र समावेश गरिनेछ ।
- Sponsored कोटामा आवेदन दिएका आवेदकहरूले TA/RA प्रोग्राममा आवेदन दिन पाउने छैनन् ।

**९. आवेदन दिँदा ध्यान दिनुपर्ने कुराहरू:**

माथिल्लो प्राथमिकतामा नाम प्रकाशित भई भर्ना भएका आवेदकले तल्लो प्राथमिकताका कार्यक्रममा भर्ना गर्न पाउने छैनन् । तर तल्लो प्राथमिकताका कार्यक्रममा नाम प्रकाशित भई भर्ना भइसकेका आवेदकहरूको योग्यताक्रमले भ्याएमा पछिल्ला सूचीहरूमा माथिल्लो प्राथमिकता तोकेका क्याम्पसका कार्यक्रमहरूमा नाम प्रकाशित गरिनेछ । पूर्णशुल्कीय कार्यक्रम अन्तर्गत भर्नाको लागि पनि यही नियम लागू हुनेछ । अर्थात् कुनै नियमित कार्यक्रममा भर्ना भएका आवेदकहरूको नाम माथिल्लो प्राथमिकता दिएको कारण पछि पूर्णशुल्कीय कार्यक्रममा प्रकाशित भएमा निज पूर्णशुल्कीय कार्यक्रममा अनिवार्य भर्ना हुनुपर्नेछ अन्यथा निजको भर्ना खारेज हुनेछ । अतः पूर्णशुल्कीय तथा नियमित कुनै पनि कार्यक्रममा नि:सन्देह भर्ना हुन चाहने आवेदकहरूलाई मात्र उक्त कार्यक्रमका लागि आवेदन दिन सतर्क गराइएको छ । कुनै क्याम्पसमा भर्ना भइसकेपछि आफू भर्ना भएको कार्यक्रममा सन्तुष्ट भई अर्को सूचीमा नाम माथिल्लो प्राथमिकता (Upper Priority) मा सार्न नचाहेमा सोही Online Portal मार्फत "Do Not Shift to Upper Priority" भनी आफैँले अनलाइन निवेदन दिनुपर्नेछ। यो प्रक्रिया पूरा गरेपछि मात्र विद्यार्थीको सोहि सिट सुरक्षित रहनेछ । तसर्थ आफूलाई इच्छा नलागेको कार्यक्रममा प्राथमिकता नभर्न तथा इच्छा लागेका कार्यक्रमहरूमा मात्र आफ्नो रुचिको प्राथमिकता अनुसार आवेदन गर्न सूचित गरिन्छ ।

- IoE Reserved, Sponsored Quota, TU/TU-IoE, को लागि एउटा क्याम्पसको एउटा कार्यक्रममा मात्र आवेदन गर्न पाइनेछ ।
- कुनै आवेदकले IoE Reserved, Sponsored Quota, TU/TU-IoE तथा Regular र/वा Full-Fee दुवै तर्फ आवेदन दिएको छ भने कोटातर्फको आवेदनलाई लागि प्राथमिकता दिइनेछ ।
- IoE Reserved, Sponsored Quota, TU/TU-IoE मा नाम प्रकाशित भएमा उक्त आवेदकको नाम अन्य प्राथमिकता क्रमबाट स्वतः बाहिरिनेछ ।
- Sponsored Quota को आवेदन प्रथम भर्ना प्रक्रियामा मात्र समावेश गरिनेछ ।

**१०. अनलाइन भर्ना हुँदा ध्यान दिनुपर्ने कुराहरू:**

- भर्नाका लागि नाम प्रकाशन भएपछि अनिवार्य रूपमा तोकिएको मिति र समय भित्र आवश्यक शुल्क र कागजात Online मा नै पेश गरी भर्ना हुनुपर्नेछ ।
- कुनै सूचीमा नाम प्रकाशित भएका आवेदकहरूले कारणवश म्यादभित्र भर्ना हुन नसकेमा र निजले पुन: भर्ना हुन चाहेमा सोहि सूचीको भर्ना सकिनु भन्दा २ घण्टा अगाडि भर्ना पोर्टलमा सो को निवेदन दिन सक्ने व्यवस्था हुनेछ सोहि बाट

GPO box- 1915, Pulchowk, Lalitpur
Tel: 977-5-521531, Fax: 977-5-525830
dean@ioe.edu.np, www.ioe.edu.np
गोश्वारा पो.ब. नं- १९१५, पुल्चोक, ललितपुर
फोन- ५५२१५३१, फ्याक्स- ५५२५८३०

निवेदन दिनुपर्ने छ। यसरी निवेदन दिनेहरूको नाम निवेदन दिएको लगत्तै पछि निस्कन लागेको सूची भन्दा पछि निस्कने अर्को सूचीमा स्थान रिक्त भएमा मात्र योग्यताक्रमअनुसार समावेश गरिनेछ।

- भर्ना सूचीमा नाम प्रकाशित भई भर्ना भइसकेपछि कुनै आवेदकले आफू माथिल्लो प्राथमिकतामा अब उप्रान्त नसर्ने भनि निवेदन दिएमा मात्र त्यस्ता आवेदक भर्ना भएकै कार्यक्रममा रहन सक्नेछन्। यसको लागि पनि निवेदकलाई अनलाइन पोर्टलमा व्यवस्था हुनेछ।
- अनलाइन भर्ना हुँदा निम्नबमोजिम भर्ना शुल्क लाग्ने छ ।

| **विवरण** | **नियमित** | **पूर्णशुल्कीय** | **प्रायोजित** | **विदेशी (Foreign)** |
|---|---|---|---|---|
| शिक्षण शुल्क | १४,८२०/- | ६७,३७६/- | १,८१,११८/- | अमेरिकी $ २४२४ |
| परीक्षा शुल्क | २,८६२/- | २,८६२/- | २,८६२/- | अमेरिकी $ २७ |
| आवेदन प्रशोधन शुल्क | १००/- | १००/- | १००/- | अमेरिकी $ १ |
| परीक्षा केन्द्र शुल्क | १५०/- | १५०/- | १५०/- | अमेरिकी $ २ |
| **फिर्ता हुने धरौटी** | | | | |
| क्याम्पस धरौटी | १,०००/- | १,०००/- | | अमेरिकी $ १० |
| प्रयोगशाला धरौटी | १,०००/- | १,०००/- | | अमेरिकी $ १० |
| पुस्तकालय धरौटी | १,०००/- | १,०००/- | | अमेरिकी $ १० |
| **फिर्ता नहुने शुल्क** | | | | |
| क्याम्पस विकास कोष | ३,०००/- | ३,०००/- | | अमेरिकी $ २०० |
| मर्मत कोष | २,०००/- | २,०००/- | | |
| परिचय पत्र | २००/- | २००/- | २००/- | अमेरिकी $ २० |
| स्वास्थ्य बिमा | ५००/- | ५००/- | १०००/- | अमेरिकी $ ५ |
| Graduate Conference | ५,०००/- | ५,०००/- | ५,०००/- | अमेरिकी $ १०० |
| **भर्ना हुँदा जम्मा** | **३१,६३२/-** | **८४,१८८/-** | **७,४६,३२०/-** | **अमेरिकी $२८०९/-** |

- त्रि.वि. दर्ता शुल्क रु. ५००।- (विदेशबाट उत्तीर्ण गरेकाहरूका लागि रु. १,०००।-)
- Hydropower Engineering र Land and Water Engineering को लागि थप रु. ५०,०००।-
- Rock and Tunnel Engineering को लागि प्रति सेमष्टर थप रु. ३५,४५०। -
- Geospatial Engineering को लागि प्रति सेमष्टर थप रु. १४,८००।-
- Power Electronics and Drives Engineering को लागि प्रति सेमेस्टर थप रु. २५,०००।–
- Material Science and Engineering र Climate Change and Development को लागि थप रु. २५,०००।–

**११. भर्नाका लागि आवश्यक कागजातहरू**

**११.१ अनलाइन पोर्टलमा भर्ना (Enroll) हुँदा अपलोड गर्नुपर्ने**

अनलाइन भर्ना फाराम भर्दा सफ्टवेयरमा निम्न कागजातहरू (Scan गरी) स्पष्ट देखिने गरी अपलोड गर्नुपर्नेछ:

- स्नातक तहको लब्धाङ्क पत्र (Transcript) र मूल प्रमाणपत्र (Original/Provisional Certificate) ।
- नेपाली नागरिकको हकमा नागरिकताको प्रमाणपत्र (दुवै भाग) र विदेशीको हकमा राहदानी वा राजदूतावासको परिचय पत्र ।

त्रिभुवन विश्वविद्यालय
Tribhuvan University
इन्जिनियरिङ अध्ययन संस्थान
Institute of Engineering
डीनको कार्यालय
OFFICE OF THE DEAN
GPO box- 1915, Pulchowk, Lalitpur
Tel: 977-5-521531, Fax: 977-5-525830
dean@ioe.edu.np, www.ioe.edu.np
गोश्वारा पो.ब. नं- १९१५, पुल्चोक, ललितपुर
फोन- ५५२१५३१, फ्याक्स- ५५२५८३०

- उल्लेखित शुल्क सिद्धार्थ बैंक लिमिटेड, पाटन ढोका शाखामा रहेको इ.अ.सको खातामा जम्मा गरी प्राप्त भएको भौचर

**११.२ क्याम्पसमा भौतिक उपस्थिति भई बुझाउनुपर्ने कागजातहरू**

भर्ना रुजु (Verification) गर्न क्याम्पसमा उपस्थित हुँदा निम्न कागजातहरूको सक्कल (Original) र प्रमाणित प्रतिलिपिहरू अनिवार्य रूपमा बुझाउनुपर्नेछ:

- योग्यता रुजु गर्नका लागि सबै शैक्षिक प्रमाणपत्रहरूको सक्कल प्रति साथमै ल्याउनुपर्नेछ ।
- प्रमाणित प्रतिलिपिहरू (१/१ प्रति):
    - IOE प्रवेश परीक्षाको नतिजा (Score Card) को कलर प्रिन्ट ।
    - S.L.C. / S.E.E. को लब्धाङ्क पत्र र चारित्रिक प्रमाणपत्र ।
    - १०+२ वा सो सरहको लब्धाङ्क पत्र र चारित्रिक प्रमाणपत्र ।
    - स्नातक तहको लब्धाङ्क पत्र, चारित्रिक प्रमाणपत्र र मूल प्रमाणपत्र (Provisional भए सो पनि) ।
    - नेपाली नागरिकताको सक्कल र प्रमाणित प्रतिलिपि (२ प्रति) ।
    - त्रि.वि. (TU) बाहेक अन्य विश्वविद्यालयबाट स्नातक गरेकाहरूको हकमा सक्कल माइग्रेसन प्रमाणपत्र
    - विदेशी विश्वविद्यालयबाट स्नातक गरेकाहरूको हकमा समकक्षताको सक्कल र प्रतिलिपि ।

*द्रष्टव्य (Important Notes):*

- सबै प्रतिलिपिहरू नोटरी पब्लिक वा आधिकारिक सरकारी निकायबाट प्रमाणित भएको हुनुपर्नेछ ।
- भर्नाको समयमा बुझाइने कागजातहरू र अनलाइन पोर्टलमा अपलोड गरिएका विवरणहरू फरक परेमा भर्ना रद्द हुनेछ र विद्यार्थीको नाम योग्यताक्रमको सूचीबाट हटाइनेछ ।

**१२. कक्षा सञ्चालन र Unique IOE Roll Number**

- भर्ना प्रक्रिया सम्पन्न भएका सबै विद्यार्थीहरूलाई २०८३ वैशाख २० गते केन्द्रीय भर्ना समितिले Unique IOE Roll Number उपलब्ध गराउनेछ।
- शैक्षिक वर्ष २०८२/८३ को स्नातकोत्तर प्रथम वर्ष प्रथम खण्डको कक्षा सञ्चालन २०८३ जेष्ठ १ गते देखि हुनेछ। कक्षा सञ्चालन भइसकेपछि पनि कुनै कारणवश सिट रिक्त रहेमा केन्द्रीय भर्ना समितिले पुनः सूचना प्रकाशित गरी २०८३ जेष्ठ १७ गते भित्र नयाँ भर्ना लिनेछ।
- कक्षा सुरु भएको ७ दिनसम्म उचित कारण र सूचना बिना अनुपस्थित रहेमा विद्यार्थीको भर्ना स्वतः रद्द गरी उक्त सिटमा नयाँ भर्ना लिइने छ।
- कक्षा सञ्चालन भइसकेपछि (जेष्ठ १ गते पश्चात) भर्ना भएका विद्यार्थीहरूले कुनै पनि कारणवश भर्ना रद्द गर्न चाहेमा क्याम्पस धरौटी लगायत अन्य कुनै पनि बुझाइएको रकम फिर्ता गरिने छैन।

GPO box- 1915, Pulchowk, Lalitpur
Tel: 977-5-521531, Fax: 977-5-525830
dean@ioe.edu.np, www.ioe.edu.np
गोश्वारा पो.ब. नं- १९१५, पुल्चोक, ललितपुर
फोन- ५५२१५३१, फ्याक्स- ५५२५८३०

- एक पटक Unique IOE Roll Number प्राप्त गरिसकेका विद्यार्थीहरूले सोही क्याम्पसको अर्को कार्यक्रममा परिवर्तन (Shift) हुन पाउने छैनन्। *तर एउटै कार्यक्रमको Full Fee Category बाट Regular Category मा योग्यता पुगेर हुने Shift बाहेक अन्य कुनै पनि विधा परिवर्तन (जस्तै: M.Sc. Structural बाट M.Sc. Environmental) गर्न पाइने छैन।*

- केन्द्रीय भर्ना समितिले २०८३ जेष्ठ २५ गते सबै क्याम्पसहरूमा भर्ना भएका विद्यार्थीहरूको अन्तिम नामावली (Unique IOE Roll Number सहित) इ.अ.सं. डीनको कार्यालयमा बुझाउनेछ। उक्त विवरण नै यस वर्षको आधिकारिक र अन्तिम भर्ना विवरण (Final Admission List) हुनेछ।

**१३. सम्पर्क तथा गुनासो**

- भर्ना सम्बन्धी कुनै पनि गुनासो भएमा विद्यार्थीले भर्ना अवधिभित्रै IOE केन्द्रीय भर्ना समितिको ईमेल: admission@ioe.edu.np मा प्रमाणसहित निवेदन दिन सक्नेछन्।

**अध्यक्ष**

भर्ना समिति २०८२

इ.अ.सं. स्नातकोत्तर (M.Sc.) केन्द्रीय भर्ना समिति